(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८१ साल कार्तिक ८ गते विहिवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको एकचालिसौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि वहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | ओम प्रकाश महतो | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

*मिति २०८१।०७।०८*

**मिति २०८१/०७/०८ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

<u>प्रस्तावहरु :</u>

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।
२. फोर्टन जिपको मर्मत सम्भारको रकम भुक्तानी सम्वन्धमा ।
३. योजनाको म्याद थप सम्वन्धमा ।
४. आर्थिक सहायता सम्वन्धमा ।
५. विद्यालयमा सृजनशिल शुक्रवार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्बन्धमा ।
६. यस नगरपालिका वडा नं. ६ को नाममा जग्गा रजिष्ट्रेशन सम्वन्धमा ।
७. यस नगरपालिका अन्तर्गत बाटोको मापदण्ड कायम गर्ने सम्वन्धमा ।
८. वन क्षेत्रको अतिक्रमण नियन्त्रणमा सहयोग गर्ने सम्वन्धमा ।
९. वडा नं. २ को बजारको जग्गा भाडा भुक्तानी सम्वन्धमा ।
१०. गहुँको विउँमा रकम थप सम्वन्धमा ।
११. सुत्केरी स्याहार प्रोत्साहन भत्ता कार्यविधि संसोधन बारे ।
१२. गर्भवति तथा सुत्केरी महिलाहरुको लागि एम्बुलेन्स सेवा निशुल्क गर्ने सम्वन्धमा ।
१३. मेस्तरको डोर हाजिरीमा काम काज गर्ने सम्वन्धमा ।
१४. विविध सम्वन्धमा ।

<u>निर्णयहरु</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा नगरपालिकाको फोर्टन जिपको समान तथा मर्मत सम्भार खरिद गर्नको लागि मिति २०८१।०२।०९ गतेका दिन यस कार्यालय र नेशनल अटो सर्भिस सेन्टर बीच भएको सम्झौता अनुसार यस कार्यालयका फोर्टन जिपको समान तथा मर्मत सम्भार भईसकेको हुँदा उक्त फोर्टन जिपको विल अनुसारको रकम यस नगरपालिकाको अघिल्लो आ.व. को भुक्तानी दायित्वमा रहेको सवारी साधन फोर्टन गाडी मर्मत खर्च शिर्षक नं. २२२१३ मा आन्तरिक श्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा गत आ.व. २०८०।०८१ मा हरिपुर नगरपालिका वडा नं ९ पिडारीमा स्वीकृत भएको योजना पिडारी पुरानो बजार देखि दुध डेरी सम्म नाला निर्माण तथा सडक स्तरोन्नती कार्यको ठेक्का नं. NCB-02/2080.081 ठेकेदार वावा सलहेस निर्माण सेवाले निर्माण कार्य गरिरहेकोले उक्त निर्माण कार्य सम्पन्न नभएको हुंदा उक्त ठेकेदारको म्याद मिति २०८१ असोज मसान्त सम्म थप भएकोमा असोजको ११ र १२ गते अविरल वर्षा तथा दशहरा परेको हुँदा दुर्गा

मिति २०८१।०७।०८

पुजाले गर्दा नालाको कार्य गर्न अवरोध भएकोले पुनः नाला निर्माण कार्य सम्पन्न गर्न उक्त ठेक्काको म्याद अन्तिम पटकको लागि २०८१ कार्तिक मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौ नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | श्री फुलो देवी महरा (विलटु राम महरा) | ६ | हरिपुर | पाठेघर सम्बन्धी विमारी स्वास्थ्य उपचार | २०८१।६।१६ | च.नं. ३६४-२०८१।६।१५ | ६,०००।०० |
| २ | आदित कुमार चौधरी (नरेश चौधरी) | ७ | हरिपुर | आँखामा समस्या आँखा उपचार | २०८१।६।१४ | च.नं. २३९-२०८१।६।१४ | ६,०००।०० |
| ३ | विमला विश्वकर्मा | ८ | हरिपुर | पुर्ण अपांगता स्वास्थ्य उपचार | २०८१।६।६ | च.नं. १८९-२०८१।६।६ | ६,०००।०० |
| ४ | भगलु चौधरी | ७ | हरिपुर | स्वास्थ्य उपचार | | च.नं. १५७-२०८१।५।१८ | ६,०००।०० |

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगपालिका अन्तर्गतका मा.वि. तहका विद्यालयहरुमा विद्यार्थीको चाहानाको आधारमा हप्ताको एक दिन शुक्रवार विद्यार्थीहरुमा पढाई संगसंगै भविष्यमा अपेक्षित पेशाको लागि सुरुवाती सिप सिकाई संगै अध्ययन गर्न इच्छुक तथा गरिबीको कारणबाट आय आर्जन गरी पढ्नु पर्ने अवस्थामा रहेका विद्यार्थीहरुमा उद्यमशीलता, श्रमप्रतिको सम्मान, स्वावलम्बन, काम गर्ने संस्कृति र व्यावसायकि सिप तथा सोच विकास गरी आत्मनिर्भर बनाउन र पाठ्यक्रममा आधारित गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै पढाइलाई निरन्तरता दिन शीर्जनशिल शुक्रवार कार्यक्रम नामाँकन गरी सो कार्यक्रमलाई कार्यविधि मार्फत सरल, सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयले तयार गरेको **सामुदायिक विद्यालयमा सृजनशिल शुक्रवार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** को मस्यौदा स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका ६ नं. वडा कार्यालय, हरिपुर, सर्लाहीको प.सं. २०८१।०८२, च.नं. ४०४, मिति २०८१।०६।२२ गतेको प्राप्त पत्रानुसार जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ६ बस्ने फतिंगा मियाको नाति हदिश मिया मंसुरीको छोरा सहुव मिया मंसुरीको नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स. लक्ष्मीपुर (को.) १/क किता नं. ३४९ क्षेत्रफल ०-

मिति २०८१।०७।०८

०-४/१।-२ जग्गा यस नगरपालिका वडा नं. ६ कार्यालयको नाममा रजिष्ट्रेशन गर्ने प्रक्रियाको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने हरिपुर नगरपालिका भित्र रहेको बाटोको मापदण्ड निर्धारण गर्न १५ दिन भित्र बाटोको मापदण्ड निर्धारण गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. प्राविधिक शाखा-संयोजक
२. नापी शाखा-सदस्य
३. योजना शाखा-सदस्य

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, सर्लाही, मलंगवाको प.सं. २०८१।०८२, च.नं. ३५१४, मिति २०८१।०७।०७ गतेको आवश्यक प्रवन्ध/सहयोग गर्ने सम्वन्धको पत्र र सागरनाथ वन विकास परियोजना, सर्लाहीको (योजना प.सं. २०८१।०८२), च.नं. २३९, मिति २०८१।०६।२२ गतेको वन क्षेत्रको अतिक्रमण नियन्त्रणमा सहयोग गरिदिने बारेको पत्रानुसार तत्त सम्वन्धमा नियमानुसारको प्रक्रिया पुरा गरेर मात्र वनक्षेत्रको जग्गा प्रयोग हुन तथा आफ्नो पालिका क्षेत्र भित्र अतिक्रमण हुन नदिदन आवश्यक प्रवन्ध/सहयोग गर्न हुन कार्यपालिकामा जानकारी गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. २ को हरिपुर गुदरी बजारको व्यवस्थापन गर्न सम्वन्धीत जग्गा धनीहरुसँग भएको सम्झौता अनुसार गुदरी बजारमा साविक देखि नै नीजि जग्गा उपयोग गर्दै आएकोमा देहायका जग्गा धनीले मिति २०८० पुस मसान्त सम्म मात्र जग्गाको भाडा बुझेको हुँदा मिति २०८० माघ १ गते देखि २०८१ असार मसान्त सम्मको देहायको बजारको जग्गाको भाडा देहायका जग्गाधनीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | जग्गा धनीको नाम | बजार क्षेत्र रहेको जग्गाको क्षेत्रफल |
|---|---|---|
| १ | सुनिता देवी चौधरी | ०-०-१५ |

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिकामा आ.व. २०८१।०८२ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गहुँको विउँ खरिद तथा वितरण कार्यक्रममा रकम रु. १५,००,०००।०० विनियोजन भएको र सो बजेट अपुग भएको हुँदा गहुँको विउँको लागि नपुग रकम यस नगरपालिकाको विविध खर्च खाता ग-२-७ बाट रकम रु. २,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस हरिपुर नगरपालिका सुत्केरी स्याहार प्रोत्साहन भत्ता कार्यविधि संसोधन देहाय अनुसार गर्ने निर्णय गरियो ।

| सि न | हालको व्वस्था | अब हुनु पर्ने | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाको स्रोतबाट प्रत्येक महिलालाई सुत्केरी स्याहार प्रोत्साहन रकम बापत रु ५०००।००उपलब्ध | यथावत | |

मिति २०८१।०७।०८

| | | | |
|---|---|---|---|
| | गराइने छ | | |
| | Protocol अनुसार पहिलो गर्भ जाँचमा रु १००० | यथावत | |
| | Protocol अनुसार दोस्रो गर्भ जाँचमा रु १००० | यथावत | |
| | Protocol अनुसार तेस्रो गर्भ जाँचमा रु १००० | यथावत | |
| | Birthing Center मा (जुनसुकै)सेत्केरी र Protocol अनुसार तेस्रो पश्चात रु २०००।०० | यस पालिका भित्रको Birthing Center मा मात्र सुत्केरी भएमा रु २०००।००प्रदान गर्ने । -Birthing Center बाट रेफर भएका संस्थागत सुत्केरीलाइ पनि सो सुविधा उपलब्ध गराउने । | Protocol अनुसार ANC पालिका भित्र गराए पनि सुत्केरी अन्यत्र भई रु ५०००।०० पाउने भए पछि संस्थागत सुत्केरीको संख्या ह्यवातै घटेकोले संस्थागत सुत्केरी संख्या बढ्ने छ । |

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस हरिपुर नगरपालिका नगर उपप्रमुख आमा सुरक्षा र नवजात शिशु स्याहार कार्यक्रम अन्तर्गत नवजात शिशु र मातृ मृत्युदर शुन्यमा झार्न हरेक गर्भ र शिशुको जन्म सुरक्षित बनाउन नगरपालिका भरीका गर्भवति तथा सुत्केरी महिलाहरुलाइ Bithing Center तथा नजिकको अस्पताल सम्म ल्याउन र पुरयाउन हाल संचालनमा रहेको एम्बुलेन्सलाइ कार्यबिधि बनाएर निशुल्क संचालनमा ल्याउने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालय अन्तर्गत मेस्तर पदमा कार्यरत श्री राजेश मल्ली कामको सिल सिलामा बाहिर जानु पर्ने भएको हुँदा उक्त नगरपालिका अन्तर्गतका काम काज र सरसफाई सम्वन्धी निजको श्रीमती संजिता कुमारी मल्लीकलाई मिति २०८१ कार्तिक ११ गते देखि डोर हाजिरीमा दैनिक ज्यालादारी काम काज गराउने गरी निर्णय गरियो ।

प्रस्ताव नं. १४-१ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालय अन्तर्गत २ नं वडा कार्यालयमा कार्यालय सहयोगी नभएको हुँदा उक्त वडा कार्यालयमा स्वयम् सेवकको रुपमा खटि आएको वडा नं २ का सिकिन्दर कुमरलाई मिति २०८१ कार्तिक ९ गते देखि लागु हुने गरी डोर हाजिरीमा दैनिक ज्यालादारी काम काज गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १४-२ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा कार्यरत सवारी चालक (भ्याकुलोडर) जेसिवीको श्री जितेन्द्र चौधरीलाई कार्यालयको समय वाहेक विहान वेलुका र सार्वजनिक दिनमा पनि नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा यस कार्यालयको सवारी साधनहरुमा चलाई रहेकोले कार्यवोझ बढी भएको र कार्य सम्पादन मूल्याँकन अति उतम भएको हुँदा निजलाई खाईपाई आएको तलवमा मिति २०८१ कार्तिक १ गते देखि लागु हुने गरी रकम रु. ३०००।०० थप गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।०७।०८

प्रस्ताव नं. १४-३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडाहरुले उपभोक्ता समिति गठन तथा आम भेला वापतको चिया नास्ता खर्च प्रत्येक वडाहरुलाई १३ औ नगरसभाको चालुगत खर्च शिर्षकबाट रकम रु १००००।०० दरले भुक्तानी गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका सर्लाही